# नुहको आज्ञाकारिता Pastor S. James

April 28th, 2022

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद ,धन्यबाद आजको दिन सम्म हामीलाइ समालेर राख्नु भयो त्यसको लागी तपाइलाइ धन्यबाद । जीवनको वाक्य तपाइ संग मात्र छ प्रभु हामी संग बोल्नुहोस् हामीलाइ सिकाउनुहोस् । हर दिन तपाइ को बाटोमा हिड्न सिकाउनुहोस् । हाम्रो प्राण , आत्मा शरिर हजुर को हातमा यो सबै बिन्ति प्रार्थना येशु को नाममा आमेन ।*

बिश्वास को पिताहरुमा एउटा मुख्य पिता नुह हो । परमेश्वरले पुरानो नियम बाट तिन उदाहरण दिदा खेरी एक नुह पनि हुन् । र अयुब र दानियल । यि सबै बिश्वासमा माहान ब्यक्तिहरु हुन् । येशुले अन्त को दिन को चेतावनी दिदा खेरी भन्नुभयो अन्त को दिन नुह को दिन जस्तै हुनेछ । त्यसैले त्यो युगमा नुहले बिश्वासमा कसरी खडा भयो त्यो हामीले नुह को जीवन बाट सिक्नु पर्छ । र पनि हामीले नुह को बारेमा सिक्नु हुदैन हामीले येशुको बारेमा नुह द्वारा सिक्नु पर्छ । हामीले बचनमा जति पनि माहान ब्यक्तिहरु को जीवन देखेका होइनौ हामीले यि सबै जना बाट र पुरै बचनमा येशुलाइ हेर्छौ र येशुलाइ खोज्छौ । हामीले बचन येशुलाइ अलग गरेर ज्ञान को लागी यो परमेश्वरको बचन पढ्छौ भने हामीलाइ केहि पनि लाभ हुदैन । संसारको मान्छेहरु पनि यो परमेश्वर को बचन पढ्छन् ज्ञान हासिल गर्न को लागी । त्यसैले मृत्यु बाट उठेपछि मरियम मग्दलिनी संग येशुले सोध्नुभयो तिमीले के खोजेको? हामीले पुरै बाइबल पढ्दा खेरी येशुलाइ खोज्नु पर्छ । यो बचनमा धेरै परमेश्वरको रहस्यका कुराहरु छन् । येशुका रहस्यहरु र उद्धार को रहस्यहरु यो बचनमा छन् ।  त्यो खोजेर पढ्यौ भने मात्र हामीले त्यो रहस्यका कुराहरु पाउछौ होइन भने हामीले परमेश्वर को बचन बाट आशिष पाउदैनौ । खाली माथि माथि को ज्ञान हामीले पाउछौ ।

एफिसी ३:५ सर्थ, म ख्रीष्ट येशूको कैदी हूँ, र तिमीहरूको पनि एक कैदी जो यहूदीहरू होइनौ।
[2]अवश्य तिमीहरू जान्दछौ कि परमेश्वरले आफ्ना अनुग्रहले तिमीहरूलाई सहायता गर्न मलाई यो काम सुम्पनु भएकोछ।
[3]परमेश्वरले मलाई आफ्नो गुप्त योजना दर्शाउनु भयो। यसबारे मैले केही लेखिसकेकैछु।
[4]अनि मैले लेखेका ती कुराहरू पढयौ भने ख्रीष्टको बारेमा गुप्त सत्यता मैले बुझेको रहेछु भन्ने तिमीहरू जान्नसक्छौ।
[5]अघि-अघिका मानिसहरूलाई त्यो गुप्त सत्यता दर्शाइएको थिएन तर अहिले आत्माद्वारा त्यो गुप्त रहस्य उहाँको पवित्र प्रेरितहरू र अगमवक्ताहरूलाई दर्शाइएकोछ।

पावलले आफुलाइ उनी ख्रीष्ट येशु को कैदि हु भनेर भन्छन् जसले गर्दा उनले धेरै नै येशुका रहस्यका कुराहरु सिक्नुभयो । पावलले भन्छन् उनले प्रकास द्वारा यि रहस्यका कुराहरु पाए । रहस्यका कुराहरु प्रकास हुनुपर्छ । पद ५ अनुसार पुराना नियम का एक ब्यक्ति लाइ पनि यो येशु को रहस्यका कुराहरु थाहाँ थिएन । बप्तिष्मा दिने युहन्नालाइ पनि थाहाँ थिएन । अहिले त्यो रहस्य आत्मा द्वारा नयाँ नियम आएर प्रेरितहरु द्वारा अगमबक्ताहरु द्वारा त्यो रहस्यहरु हामीलाइ देखाउदैहुनुहुन्छ ।

[6]गुप्त सत्यता यही होः परमेश्वरले आफ्ना यहूदी मानिसहरूलाई दिनुभएको त्यही कुराहरू गैर-यहूदीहरूले पनि पाउनेछन्। गैर-यहूदीहरू यहूदीहरूसितै एक जीउमा सम्मिलित हुनेछन् अनि ख्रीष्ट येशूमा दिइएको परमेश्वरको वचनको सहभागी हुनेछन्। सुसमाचारको कारणले गैर-यहूदीहरूले यी सबै पाउनेछन्।
[7]परमेश्वरको विशेष अनुग्रहले, म सुसमाचराको एक जना सेवक बनिएँ। उहाँले आफ्नो शक्तिद्वारा मलाई यो अनुग्रह दिनुभएको छ।

परमेश्वरले गुप्त राख्नु भएको थियो त्यसैले कसैले पनि पाउन सकेनन् । यो रहस्यका कुराहरु श्वर्गदुतहरुलाइ पनि थाहाँ थिएन ।

एफिसी ६:१९ [19]मेरो लागि पनि प्रार्थना गर कि जब म बोल्छु परमेश्वरले मलाई शब्दहरू दिऊन् र सुसमाचारको गुप्त सत्यतालाई म निर्भयसंग भन्नु सकुँ।

सुसमाचारमा पनि एउटा रहस्य थियो ।

कलस्सी १:२६ [26]यो गोप्य सत्य शुरुदेखि नै सबै मानिसहरूबाट लुकाएको थियो। तर अब परमेश्वरको पवित्र जनलाई यो गोप्य सत्य प्रकट गराइएको छ।

युग युग देखी गुप्त रहेको यो रहस्य शन्तहरु को लागी प्रकट भएको छ । यो रहस्य हामीमा भएको ख्रीष्ट हुनुहुन्छ॥

१ कोरिन्थी २: [6]पाको भएका मानिसहरूलाई हामी ज्ञान दिंदछौं। तर हामी जुन ज्ञान सिकाउछौं सांसारिक ज्ञान होइन। यो यस संसारका शासकहरूको ज्ञान पनि होइन।
[7]तर हामी परमेश्वरका गुप्त ज्ञान बताउँदछौ जुन ज्ञान लुकाइको छ। परमेश्वरले यस ज्ञान हाम्रो भलाईकोलागि तयार गर्नु भएको हो। संसार सृष्टि हुनु भन्दा अघि नै उहाँले यो योजना बनाइसक्नु भएको थियो।
[8]यस संसारका कुनै शासकहरूले यो ज्ञान बुझेनन्। यदी तिनीहरूले बुझेका भए तिनीहरूले महिमाका प्रभुलाई क्रूसमा टाँग्ने नै थिएनन्।

यदि यो रहस्य थाहाँ पाएका भए महिमा को परमेश्वरलाइ क्रुशमा टाग्ने नै थिएनन् । त्यसकारणले परमेश्वरले यो कुरालाइ लुकाएर राख्नुभएको हो । त्यसैले यो कुरा रहस्यको कुरा भयो । येशु संगै हिडेर पनि यो सत्य येशुका चेलाहरुलाइ पनि थाहाँ थिएन ।

लुका २४:२५-२७ 25 तब येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू मूर्ख हौ अनि अगमवक्ताहरूले भनेका प्रत्येक कुराहरू विश्वास गर्न ढिलो गरयौ।
26 ती अगमवक्ताहरूले भनी सकेका थिए कि ख्रीष्टलाई उहाँको महिमा भित्र पस्नु यी सब कुराहरू भोग्नु आवश्यक थियो।"
27 त्यसपछि येशूले धर्मशास्त्रमा मोशा देखि लिएर अन्य जम्मै अगमवक्ताहरूद्वारा जे लेखिएको थियो प्रत्येक कुरो बताउनु शुरू गर्नु भयो। धर्मशास्त्रहरूमा
उहाँ आफ्नो विषयमा जे लेखिएको थियो उहाँले बताउनु भयो।।

उत्पत्ति को १ अध्याय देखी येशु को बारेमा लेखेको छ तर यो कसैले पनि नबुझोस् भनेर गुप्त राखिएको थियो । त्यो सबै रहस्यका कुराहरु हाम्रो लागी खोलियो । मोशा भन्ना साथ पुरानो नियम को ५ पुस्तक हो । येशुले पबित्र शास्त्र को बारेमा भन्दा पुरानो नियम को बारेमा भन्नुभयो ।  त्यति खेर नयाँ नियम नै थिएन बचन को पुस्तक भनेको पुरानो नियम मात्र थियो । पुरानो नियम मात्र भए पनि त्यो सबै पुरानो नियममा येशु हुनुहुन्छ । तर जब हामी पुरानो नियम पढ्छौ हामीले खालि ब्यबस्था मात्र देख्छौ त्यसैले हामीलाइ पुरानो नियम मन पर्दैन । जुन दिन हामीलाइ थाहाँ हुन्छ पुरानो नियममा येशु हुनुहुन्छ । तब हामीलाइ मन पर्छ ।

44 उहाँले तिनीहरूलाई भन्नुभयो, "जब म तिमीहरूसँग थिएँ मैले के भने त्यो सम्झना गर। मैले भने, मोशाको व्यवस्थामा अगमवक्ताहरूको पुस्तकमा मेरो
विषयमा भनिएको अनि भजनसंग्रहमा भनिएका प्रत्येक कुरा पूरा हुनेछ।"
45 त्यसपछि उहाँले धर्मशास्त्रहरूमा लेखिएका सबै कुराहरू बुझ्न मन खोली दिनु भयो।
46 उहाँले तिनीहरूलाई भन्नुभयो, "यो लेखिएकै छ कि ख्रीष्टलाई मारिनेछ अनि तेस्रो दिनमा उहाँ बौरी उठनु हुनेछ।
47 तिमीहरूले यी सबै घटना देख्यौ, तिमीहरू नै साक्षी छौं। तिमीहरू जानु पर्छ अनि सबै मानिसहरूमा प्रचार गर कि तिनीहरूको पापहरू क्षमा गर्न
सकिन्छ। तिनीहरूलाई भनिदेऊ कि तिनीहरूले आफ्नो हृदय परिवर्तन गर्नै पर्छ अनि आफ्ना पापहरूको दुःख प्रकट गरून्। यरूशलेमबाट शुरू गरेर मेरो
नाममा यी कुराहरू प्रचार गर। सारा संसारका मानिसहरूमा यो सुसमाचारहरू सुनाउनै पर्छ।

येशुले भन्नुभयो मोशाको ब्यवस्थामा अगमवक्ताहरुको पुस्तकमा मेरो बिषयमा भनेको छ । येशुले स्वयम उहाँको बारेमा पुरानो नियममा लेखिएको भन्नुभयो । पुरानो नियमलाइ भाग लगाउदा मोशा , अगमबक्ता र भजनसग्रह पर्छन् यो तिनै भागमा येशुले भन्नुभयो कि उहाँ को बारेमा लेखिएका छन् । तर पढ्दा कसैले पनि बुझ्नेनन् । जब हामी धर्म शास्त्र खोल्दा येशुलाइ त्यस भित्र भेट्यौ भने हामीलाइ थाहाँ हुन्छ कि मलाइ परमेश्वरले त्यो ख्रीष्ट को रहस्यका कुराहरु खोलिदिनु भयो ।

लुका १८:31 त्यसपछि येशूले बाहै प्रेरितहरूलाई अर्को तिर लानु भयो, उहाँले तिनीहरूलाई भन्नुभयो, "सुन! हामीहरू यरूशलेम जाँदैछौं। मानसको पुत्रका
विषयमा अगमवक्ताहरूले जे-जे लेखेकाछन् ती सबै पूरा हुनेछन्।
32 उहाँकै मानिसहरू उहाँको विरुद्धमा जानेछन् अनि उहाँलाई गैरयहूदीहरूको हातमा सुम्पिनेछन्। तिनीहरुले उहाँको उपहाँस गर्नेछन्, अनि उहाँलाई थुक्ने
छन्।
33 तिनीहरुले उहाँलाई कोर्रा लाउँने छन् अनि मार्नेछन्। तर उहाँ मरेको तीन दिनपछि, फेरि बौरी उठ्नु हुनेछ।"
34 प्रेरितहरले यी कूराहरूको अर्थ बुझ्ने चेष्टा गरे, तर ती वास्तविक कुरा बुझ्न सकेनन् कारण यो तिनीहरूबाट लुकेको थियो अनि तिनीहरूले केही पनि
बुझेनन्।

येशुले स्वयम भन्नुभयो उहाँलाइ कोर्रा लाउनेछन् , मार्नेछन् , र फेरि तिन दिन पछि बौरी उठ्नेछन् । यि सबै कुराहरु भन्दा खेरी पनि यिनीहरुले बुझ्नेनन् । जब येशु बौरी उठे पछि बुझ्न शुरु हुन्छ ।

१ पत्रुस १:१०-१२ 10 अगमवक्ताहरुले सावधानपूर्वक अध्ययन गरे अनि यो मुक्तिको विषयमा जान्ने कोशिश गरे। ती अगमवक्ताहरुले अनुग्रहको
बारेमा अगमवाणी गरे जो तिमीहरुलाई देखाइयो।
11 ख्रीष्टको आत्मा ती अगमवक्ताहरुमा थियो। अनि आत्माले ती दुखा-कष्टहरुको बारेमा, जो ख्रीष्टहरुको बारेमा, जो ख्रीष्टमाथि घट्ने थियो अनि त्यो
महिमा जो ती दुख कष्टहरु पछि आउनेछन्, भनिरहेथ्यो। ती अगमवक्ताहरुले तिनीहरुलाई त्यो आत्माले के देखाइ रहेछन्, त्यसबारे जान्ने कोशिश गरे।
ती कुराहरु कहिले घट्नेछन् अनि त्यसबेला संसारको अवस्था कस्तो हुनेछ, तिनीहरुले यो जान्ने कोशिश गरे।

अगमवक्ताहरुले उनीहरु को मुख देखी उनीहरुले बोले तर पनि उनीहरुले बुझ्नेनन् । कारण परमेश्वरले उनीहरुको मुखलाइ चलाउनु भयो तर समझ शक्ति दिनुभएन । येशु को बारेमा दाउद को भजनसग्रहमा धेरै अगमवाणीहरु छन् , तर दाउद स्वयमले बुझ्नेनन् । मोशा स्वयमले पनि बुझ्नेनन् । यिनीहरु को मुख बाट निक्ले पनि यिनीहरु मा भएको ख्रीष्ट को आत्माले बोल्नुभएको हो ।

12 यो तिनीहरुलाई देखाइयो कि जुन सेवा तिनीहरुले गरे तिनीहरु स्वयंका निम्ति होइन। ती अगमवक्ताहरुले तिमीहरुको सेवा गरिरहेका थिए जब
तिनीहरुले यो कुराको विषयमा भने जो अहिले तिमीहरुले सुन्यौ। तिनीहरु जसले तिमीहरुलाई सुसमाचार प्रचार गरे तिमीहरुलाई ती कुराहरु भने।
तिनीहरुले तिमीहरुलाई त्यो पवित्र आत्माको सहायताले भनिएका कुराहरु ती कुराहरु हुन जुन स्वर्गदूतहरु पनि जान्न उत्सुक छन्।

यि कुराहरु पबित्र आत्मा बाट घोषणा गरिएको छ । यो जान्न को लागी श्वर्गदुत पनि उत्सुक छन् ।

१ कोरन्थी १५:३ 3 मैले पाएकै समाचार तिमीहरूलाई दिएँ। मैले खुबै महत्वपूर्ण कुरो तिमीहरूलाई दिएँ कि हाम्रो पापहरूको निम्ति ख्रीष्टको मृत्यु भयो,
जस्तो धर्म शास्त्रे भन्छः 4 कि ख्रीष्ट गाडिए अनि तीन दिन पछि बौरिए, जस्तो धर्मशास्त्रले भन्छ;

धर्मशास्त्र को सबै पुस्तकमा येशु को बारेमा लेखेको छ। हाम्रो समझ को आखाँ खोलेन भने हामीले येशुलाइ देख्न सक्दैनौ। पुरानो नियम को अनुसार हो येशु यस संसारमा आएर क्रुशमा मर्नुभएको। पुरानो नियम अनुसार नै सबै कुरा भए।

कलस्सी २:१२ [12]यस्तो भयो जब तिमीहरू बप्तिस्माको माध्यम ख्रीष्टसित गाडिएका थियौ अनि उहाँसितै बौराई उठाइयो किनभने परमेश्वरको शक्तिमा तिमीहरूले ्विश्वास गरेका छौ। ख्रीष्टलाई मृत्युदेखि बौरी उठाएर परमेश्वरले आफ्नो शक्ति देखाउनु भयो।

येशु धर्मशास्त्र अर्थात पुरानो नियम अनुसार हाम्रो निम्ति आउनुभयो, हाम्रो निम्ति मर्नुभयो र हाम्रो निम्ति गाडिनुभयो र तिन दिन पछि बौरी उठ्नुभयो। हामी इसाइ को बिश्वास यो तिन कुरा को माथि हो। बाकि धरम मा यस्तो कुराहरु छैन बाकि धरममा नियमहरु के गर्नु पर्छ के गर्नु पर्दैन त्यहि मात्र हुन्छ। तर इसाइमा अलग्गै छ। यसमा येशु मेरो पाप को लागी मर्नुभयो, गाडिनुभयो र मृत्यु बाट बौरी उठ्नुभयो। परमेश्वरले नुह संग भन्नुभयो एउटा जाहाज बनाउनु त्यो जाहाज कालो एउटा बाकस जस्तो थियो जब नुह को परिवार त्यो जाहाज भित्र पसे खास गरी त्यो जाहाज उनीहरु को लागी कफन बाकस जस्तो हो। त्यसपछि त्यो युग को लागी बाहिर निक्लदैनन्। उनीहरु त्यो युग को लागी मरे। र त्यस पछि माथि देखी पानी आएर तिनीहरु पानीमा गाडिए। त्यस पछि

उत्पत्ति ८:४ [4]अनि सातौं महीनाको सत्रौं दिन अरारात पर्वतमा जहाज अडियो।

हामीले उनीहरुको जीवनमा तिन कुराहरु हेर्न सक्छौ पहिलो उनीहरु मरे र त्यस पछि उनीहरु गाडिए र तेस्रो कुरा उनीहरुको पुनरुउत्थान भयो।

१ तिमोथी ३:९ [9]तिनीहरू परमेश्वरले हामीलाई बताएको सत्यमा दृढ रहनु पर्छ अनि तिनीहरूले जे ठीक छ भनी विश्वास गर्छन् सधैं त्यही गर्नु पर्छ।

यदि हामीले हिब्रु ११ अध्यायमा पढ्यौ भने त्यहाँ हाबेल बिश्वास द्धारा, नुहले बिश्वास द्धारा, हनोकले बिश्वास द्धारा बिश्वास मा पनि एउटा रहस्य छ। यो बिश्वास हाम्रो जीवनमा आउदा खेरी हामी खीष्ट को आत्मा को भाग हुन्छौ। बिश्वास छैन भने त्यहाँ खीष्ट हुनुहुन्न। हामीले गलाती ३ अध्यायमा पढ्दा खेरी खीष्ट आउनुभयो बिश्वास आयो। नुहले बिश्वास द्धारा परमेश्वरले भनेको कुरा गर्दा खीष्ट को आत्मा आयो। शरीर नुहको हात नुहको तर सबै गर्ने खीष्ट हुनुहुन्छ। नुहले जाहाज बनाए पछि तिन कुराहरु गरे पहिलो जाहाज को भित्र जानु त्यस पछि परमेश्वरले बाहिर निक्ली नभने सम्म जाहाज को भित्रै बस्नु र परमेश्वरले बाहिर आ भने पछि बाहिर आउनु उसको उद्धार र उसको परिवारको उद्धार पुरा उसले जाहाज कसरी बनायो जाहाज बनाउनमा आज्ञाकारी थियो कि थिएन ? परमेश्वरले भने जस्तै गर्‍यो कि गरेन त्यसको माथि हो उसको बाकि काम को कारणले होइन। आज्ञाकारी भएको कारण उ र उसको परिवार प्रलय देखी बाचे नत्र भने आज्ञाकारी नभएको भए उ र उसको परिवार सबै प्रलयमा मर्ने थिए।

हिब्रु ५:८-९ [8]येशू परमेश्वरका पुत्र हुनुहुन्थ्यो तर उहाँले कष्ट भोग्नु भयो र त्यसबाट उहाँले आज्ञाकारी बन्न सिक्नुभयो।
[9]तब नै येशू पूर्ण बनाइनु भयो अनि उहाँको आज्ञा मान्नेहरू सबैको निम्ति अनन्त मुक्तिको स्रोत बन्नुभयो।

हामी धार्मीक हुनुमा र हाम्रो उद्धार हुनमा हाम्रो आज्ञाकारीता को कारणले पाएका होइनौ येशु को शिद्ध आज्ञाकारीता बाट पाएका हौ। त्यस पछि हामी येशुमा आज्ञाकारी भएर अगाडि बढ्दै गएका हौ।

उत्पत्ति ६:२२[22]परमेश्वरको आज्ञा अनुसार नूहले सबै काम पूरा गर्‍यो।

उत्पत्ति ७:५ [5]अनि परमप्रभुबाट भएको आज्ञा नूहले पूर्ण रुपले पालन गरे।

उत्पत्ति ७:९

नुहले परमेश्वरको आज्ञा अनुसार जानवरहरुलाइ दुइ ,दुइ गरी जाहाज भित्र हाले। नुहले १ हालेनन् र ३ पनि हालेनन्।

[16]यी सबै पशुहरु परमेश्वरले नूहलाई दिनु भएको आज्ञा अनुसार जोडी जोडी भएर आए। त्यसपछि परमप्रभुले जहाजको ढोका बन्द गरिदिनु भयो।

नुहलाइ येशु को आत्माले उसलाइ आज्ञाकारी बनाउनु भयो। आज्ञाकारीता छैन भने उद्धार हुदैन। त्यस पछि परमेश्वरले नुह संग पहिला बोल्नुभएको कुरा

उत्पत्ति ७:१ सपछि परमप्रभुले नूहलाई भन्नुभयो, "आफ्नो पुरै परिवारसित जहाजमापस किनभने पृथ्वीमा अहिले जीवित रहेका मानिसहरुमा तँ मात्र असल मानिस छस् भनी मैले देखें।

परमेश्वर जाहाज को भित्र भएर नुहलाइ जाहाज भित्र आउ भन्नुभयो। जब नुह र नुह को परिवार जाहाज भित्र पस्छन् त्यसको अर्थ हो कि उनीहरु संसार बाट अलग हुन्छन् त्यसपछि परमेश्वरले जाहाजको ढोका बन्द गर्नुहुन्छ।

२ कोरिन्थी ५:१७ [17]यदि कोही ख्रीष्टमा छ भने त्यो नयाँ मानिस बनिएको छ। पुराना कुराहरू बितेर गए, हरेक कुरो नयाँ छ।

नुह र नुह को परिवार जाहाज को भित्र पस्दा पस्दै उनीहरु को पुरानो जीवन बितिगयो। बास्तबिक्ताको लागी ४० दिन लाग्यो। त्यसैगरी हामी पनि येशुमा आउदा आउदै पुरानो जीवन बिति गयो तर बास्तबिक्ता को लागी समय लाग्छ। जब हामी येशुमा

हाम्रो जीवन दिनु भनेको जाहाज को भित्र को जीवन हो । जाहाज भित्र को जीवन अलग्गै हो पुरानो जीवन त्यहाँ हुदैन अब त्यहाँ सबै नयाँ जीवन हो ।

युहन्ना १७:१६ [16]तिनीहरू संसारका होइनन् जस्तो कि म पनि यस संसारको होइन।

हामी जाहाज को भित्र गए पछि हामी संसार को होइनौ किनभने येशु मशिह संसार को हुनुहुन्न । दुइटा वास्तविक्ता छ जो जाहाज को भित्र छ तिनीहरु को वास्तविक्ता र जो जाहाज को बाहिर छ त्यसको अर्को वास्तविक्ता छ ा

२ कोरिन्थी २:१४-१६ [14]तर परमेश्वरलाई धन्यवाद होस् जसले हामीलाई सँधै ख्रीष्टद्वारा विजयतर्फ डोरयाउनु हुन्छ। परमेश्वरले हामीलाई उहाँको ज्ञान सुगन्धित वासना जस्तो चारैतिर फिंजाउन प्रयोग गर्नुहुन्छ।
[15]परमेश्वरमा हाम्रो यही भेटीहरू छन्। कि ती जो बचाइँदैछन् अनि ती जो नष्ट गरिदैंछन् तिनीहरूको बीचमा हामी ख्रीष्टको मिठो गन्ध हौं।
[16]मानिसहरू जो नष्ट गराइदैंछ तिनीहरूको लागि हामी मृत्युको गन्ध हौं जसले मृत्यु ल्याँउछ। तर बचाइनेहरूलाई हामी जीवनका गन्ध हौं जसले जीवन ल्याउँदछ। यसकारण यस कार्यको निम्ति को योग्य छ?

जो जाहाज को भित्र छ । जानवरहरु बोल्न सक्ने भएको भए सबै जानवरहरुले नुहलाइ धन्यबाद भन्ने थिए । भित्र को मान्छे को लागी जीवन को वास्ना र बाहिर को मान्छेको लागी मृत्युको गन्ध । एक दिन जब हामी पनि आगो द्वारा न्यायमा जाने छौ त्यति खेर हामी पनि येशुलाइ धन्यबाद , धन्यबाद भन्ने छौ । यसरी नुह को जीवन बाट पनि हामीले येशुको बारेमा सिक्न सक्छौ । सुसमाचारको रहस्य र बिश्वास को रहस्यका कुराहरु सिक्न सक्छौ । नुह को जीवन बाट अन्त को दिनमा पनि नुह को दिन को जस्तै हुन्छ हामी पनि नुह को जस्तै आज्ञाकारी भयौ भने बचाइने छौ होइन भने नुह को पालामा जसले परमेश्वर को आज्ञा पालन गरेनन् उनीहरु सबै प्रलयमा मरे त्यस्तै गरी हामी सबै नरक मा जानेछौ ।

२ पत्रुस २:५ [5]अनि परमेश्वरले ती मानिसहरुलाई दण्ड दिनु भयो जो धेरै अघि जीवित थिए। परमेश्वरले संसारमा बाढी ल्याउनु भयो जुन मानिसहरुले भरिएको थियो जो परमेश्वर विरोधी थिए। तर परमेश्वरले नूहसित सात अन्य मानिसहरुलाई बचाए। नूह त्यो मानिस थिए जसले मानिसहरुलाई ठीक ढङ्गले बाँच्न उपदेश दिन्थे।

खाली नुह र नुह को परिवार मात्र बाचे बाकि सबै मरे कारण उनीहरुले नुहले भने सबै जना यो कालो बाकस जस्तो जाहाजको भित्र आउनुहोस् भन्दा कसैले पनि मानेनन् । मुर्ख भनेर भने ।

१ कोरन्थी १:१८ [18]नष्ट भएकाहरूका निम्ति क्रूस बारेको शिक्षा मूर्खतापूर्ण ठहर्छ। तर हामी उद्धार पाइरहेकाहरूका निम्ति यो परमेश्वरको शक्ति हो।

सुसमाचार को सन्देश भनेको क्रुशको शन्देस हो त्यो संसारिक मान्छेको लागी मुर्खता हो । क्रुश को शन्देश निकाल्यो भने उद्धार नै हुदैन सबै उद्धार क्रुशमा छ ।

२ कोरन्थी १३:५ [5]तिमी आफैलाई नियालेर हेर। तिमीहरू विश्वासमा बाँचेकाछौ कि छैनौ, जाँच गर। येशू ख्रीष्ट तिमीहरूमा छन् भन्ने कुरो जान्दछौ। तर त्यो जाँचमा सफल भएनौ भने ख्रीष्ट तिमीहरूका अन्तरमा हुनु हुन्न।

आफै आफैलाइ जाचँ येशु खीष्ट हामीमा छैन भने भन्नु को अर्थ हो बिश्वास को यात्रामा येशु नै मुख्य कुरा हो , सिद्धान्त होइन । येशु हामीमा हुनुपर्छ । येशुमा आए पछि हामीलाइ शिद्धान्त चाहिन्छ । पहिला बिश्वास को जीवनमा मुख्य कुरा येशु नै हुनुहुन्छ । शिद्धान्तले हामीलाइ उद्धार दिदैन ।

प्रेरित २:४०-४२ [40]पत्रुसले तिनीहरूलाई यी अनि अन्य अनेक शब्दहरूद्वारा चेतावनी पनि दिए, "उनीहरूलाई आग्रह गरे कि स्वयं तिमीहरूले यी दुष्ट पुस्ताबाट जोगाऊ।"
[41]तब ती मानिसहरू जसले पत्रुसका सन्देश माने, बप्तिस्मा लिए। त्यस दिनमा झण्डै तीन हजार जति मानिसहरू विश्वासीहरूको झुण्डमा थपिए।
[42]ती विश्वासीहरू लगातार आपसमा भेटघाट गरिरहे। तिनीहरूले आफ्ना समय प्रेरितहरूले दिएका शिक्षा सिक्नमा प्रयोग गरे। तिनीहरू एकअर्कामा साझेदार भए। तिनीहरू एक साथ खाँदै थिए अनि एक साथ प्रार्थना गर्दै थिए।

सबै भन्दा पहिला येशुमा आउनु पर्छ त्यस पछि शिक्षा , संगती , रोटि भाच्ने काम र शिद्धान्त सबै त्यसको पछि आउछ । जाहाज को भित्र को जीवन र सगती संसार को जस्तो संगती हुदैन । जाहाज को भित्र को जीवन र संगतीलाइ खीष्ट को शिद्धान्त हामी भन्छौ । खीष्ट को शिद्धान्तमा पस्न को लागी संसार देखी अलग हुनुपर्छ । संसारलाइ छोडेर पस्चाताप गरेर मन फिराएर जाहाज को भित्र जानु पर्छ ।

२ युहन्ना १:९-११ [9]एउटा व्यक्तिले ख्रीष्टको शिक्षा मात्र अनुसरण गर्नुपर्छ। यदि व्यक्तिले ख्रीष्टको शिक्षा परिवर्तन गर्छ भने त्यसं व्यक्तिसंग परमेश्वर हुनुहुन्न। तर यदि त्यस व्यक्तिले ख्रीष्टको शिक्षा अनुसरण गरिरहन्छ भने उसकोमा पिता अनि पुत्र दुवै हुन्छन्।

येशु को शिक्षा र उहाँ को इतिहास त्यहि हो मण्डलीको इतिहास र मण्डलीको शिद्धान्त र शिक्षा अर्को कुनै इतिहास , शिद्धान्त र शिक्षा छैन । बिवाहको बारेमा पनि उत्पत्तिको पुस्तकमा भन्छ यसकारण पुरुषले आफ्नो बाबा आमालाइ छोड्छ तर आफ्नो पत्नी संग मिलिरहन्छ । भनेको कुरा एफिसी को पुस्तकमा आएर थाहाँ हुन्छ खीष्ट र मण्डली को सम्भन्ध को नमुना को रुपमा बिवाहलाइ परमेश्वरले राख्नुभयो । त्यो बिवाहको एक रहस्य हो हामी बिवाह त गर्छौ तर बिवाह को रहस्य हामीलाइ थाहाँ छैन ।बिवाह को मतलब जसरी खीष्ट र मण्डली एक हुन्छ । त्यसरी नै पुरुष र स्त्री पनि एक हुनु हो । उदारहण को लागी मान्छे मरे पछि कफनमा हाले पछि कफनको ढक्कन लगाउनु भन्दा पहिला अन्तिममा भन्छन् कसैलाइ हेर्नु छ भने हेर्नुस् । जब कफन को ढक्कन लगाए पछि दोहाएर खोल्दैनन् र उसलाइ फेरी कहिले पनि हेर्दैनन् । त्यसै गरी मान्छे पहिला मर्नु पर्छ त्यस पछि गाड्नु पर्छ । मरे पछि गाडेन भने परमेश्वर को पुनरउत्थान को शक्ति आउदैन । पुनरउत्थान को शक्ति पाउन को लागी पहिला

मर्नु पर्छ त्यस पछि गाड्नु पर्छ । मरे पछि उसको जीवन येशुमा छुपाएर राख्नु पर्छ आफै बाहिर निक्लिन सक्दैन जसरी नुह परमेश्वर को आज्ञा पछि मात्र निक्ल्यो । नुह आफै निक्लिन सकेन त्यसरी नै परमेश्वरले निक्लि भने पछि मात्र हामी पनि निक्लिन सक्छौ ।

उत्पत्ति ७:१७ [17] जल प्रलय पृथ्वीमा चालीस दिन चालीस रातसम्म भयो। पानी बढेर जहाजलाई जमीनबाटमाथि उचाल्न थाल्यो।

४७ दिन सम्म यिनीहरु जाहाज को भित्रै छन् ।

[24] एक सय पचास दिनसम्म परेको पानी पृथ्वीमाथि बगिरह्यो।
५ महिना भयो ।

उत्पत्ति ८:४ [4] अनि सातौं महीनाको सत्रौं दिन अरारात पर्वतमा जहाज अडियो।

सात महिना भयो । हाम्रो जीवनमा हामी काहाँ जानुपर्छ कति दिन त्यस ठाउमा बस्नु पर्छ यि सबै कुराहरु हाम्रो इच्छामा हुदैन सबै परमेश्वर को इच्छामा हुन्छ ।

उत्पत्ति ८:१३ [13] नूहको उमेरको 601 वर्ष भएको थियो पहिलो महीनाको पहिलो दिन पृथ्वीको सतहमाथि पानी पूर्णरुपले सुक्यो। यसर्थ नूहले जहाजको ढोका खोलेर हेर्दा देख्यो पृथ्वीको सतहमा पानी सुकिसकेको थियो।

अब ११ महिना भयो पानी त सबै सुक्यो । नुहले भनेन पानी सबै सुक्यो अब बाहिर जाउ । परमेश्वरले अझै बाहिर आउने अनुमति दिनुभएको छैन । हामी पनि येशुमा छुपेर बस्नुपर्छ । जब सम्म येशुले बाहिर निक्लि भन्नुहुदैन ।

[14] दोस्रो महीनाको सत्ताईसौं दिनमा पृथ्वीको सतहबाट सम्पूर्ण रूपले पानी सुकेको थियो।
[15] तब परमेश्वरले नूहलाई भन्नुभयो,
[16] "तँ, तेरी पत्नी, तेरा छोराहरु र बुहारीहरु लिएर जहाज बाहिर आइज।

१२ महिना १० दिन को पछि बाहिर आउने अनुमति पाएका थिए । ४० दिन को पछि पानी पर्न रोकियो ५ महिना को पछि पानी तल भयो । ७ महिना को पछि सुक्न शुरु भयो ११ महिना को पछि लगभग सुक्यो १२ महिना १० दिन को पछि पानी पुरै सुक्यो र बाहिर निक्लि भन्नुभयो । यो सबै कुराहरु बाट हामीले यो जान्नु पर्छ हाम्रो जीवन को हर कुरा परमेश्वरको अनुमतीमा हामीले गर्नु पर्छ हाम्रो आफ्नै इच्छमा केहि कुरा पनि गर्न हुदैन ।

हिब्रु ६:११-१२ [11] तिमीहरू प्रत्येकले आफ्नो जीवनभरि यस्तै प्रयत्न गर्दै जाऊ भन्ने हामी चाहन्छौं। तब तिमीहरूको आशा पूर्ण हुने छ।
[12] अल्छे नहोऊ, हामी तिमीहरूलाई तिनीहरू जस्तै होऊ भन्ने चाहन्छौ जसले परमेश्वरका वचनवद्ध कुराहरू पाए। तिनीहरूले परमेश्वरका वचनहरू पाउँछन किनकि तिनीहरूको विश्वास र धैर्य छ।

जाहाजको भित्र को शिक्षा २ वटा कुरा लेखिएको छ बिश्वास र धैर्य चाहिन्छ । १ शाल र १० दिन जाहाज भित्र बस्न को लागी बिश्वास र धैर्यता चाहिन्छ । १ शाल १० दिन को पछि नयाँ ससारको लागी प्रकट भयो ।

रोमी ८:१९ 19 परमेश्वरले बनाउनु भएको प्रत्येक वस्तुले ठुलो उत्सुकताको साथ त्यस समयलाई पर्खिरहेकोछ जब परमेश्वरले उहाँका छोराहरू को को हुन् भनेर देखाउनु हुनेछ। त्यो विशेष समय हेर्न सारा संसारको उत्कट अभिलाषा छ।

अहिले सम्म प्रकट भएको छैन । जाहाज को ढोकाहरु अहिले सम्म खोलेको छैन । त्यो ढोका खोल्दा मात्र हामीलाइ थाहाँ हुन्छ परमेश्वर को छोरा छोरीहरु को हुन्छ । त्यो ढोका खोल्ने सम्म हामीमा बिश्वास र धैर्यता हुनुपर्छ ।

१ पत्रुस ३:२०-२१ [20] ती आत्माहरु तिनीहरु हुन् जसले नूहको समयमा परमेश्वरको आज्ञा पालन गर्न अस्वीकार गरेका थिए। परमेश्वरले तिनीहरुलाई धैर्यसित प्रतिक्षा गरिरहनु भएको थियो जुन बेला नूहले जहाज बनाइरहेका थिए। केवल जम्मा आठजना त्यस जहाजमा बाँचेका थिए। ती मानिसहरुलाई पानीले बचाएको थियो।
[21] त्यो पानी बप्तिस्मा जस्तै थियो जसले आहिले तिमीहरुलाई बचाउँछ। बप्तिस्मा शरीरको मैला धुने होइन। बप्तिस्मामा हामी परमेश्वरसित पवित्र हृदयको निम्ति याचना गरिरहेकाछौं। यसले तिमीहरुलाई बचाउँछ किनभने येशू ख्रीष्टलाई मृत्युबाट उठाइएको थियो।

यहि नुहको बेलाको पानी बप्तिस्मा को चिन्ह हो । नुह को सुसमाचार मानेर भित्र पसे अनि बप्तिष्मा लिए त्यस पछि एउटा शिक्षा हुन्छ त्यसपछि प्रकट भयो ।

रोमी ६:३ [3] के तिमीहरूले भुल्यौ, जब हामी बप्तिस्मा भयौं तबदेखि नै हामी येशू ख्रीष्टका एक अंश बन्यौं? हामीले बप्तिस्मा लियौं, हामी उहाँको मृत्युमा भागीदार बन्यौं।
[4] यसैकारण जब हामी बप्तिस्मा भयौं, हामी ख्रीष्ट सँगै गाडियौं र उहाँको मृत्युमा भागीदार बन्यौं। हामी ख्रीष्टसँगै दफन भयौं ताकि हामी जोगीन सकौं अनि नयाँ जीवन जीउन सकौं। यस्तै प्रकारले, पिताको अचम्मको शक्तिले ख्रीष्ट मृत्युबाट जीवित हुनुभयो।
[5] ख्रीष्ट मर्नु भयो, र हामी पनि उहाँको मृत्युकै अनुरूपमा उहाँसित मिल्यौं। यसकारण हामी उहाँको बौराइको अनुरुपमा पनि ख्रीष्टसितै मिल्नेछौं।

हामी येशु संग मर्यौ , उहाँ सगै गाडियौ र उहाँ सगै बौरी उठ्यौ । अब उहाँ संगै बौरी उठेको मान्छे नयाँ जीवनमा प्रवेश गर्नु पर्छ । अब नयाँ जीवनमा मार्ग नै बदलियो । नयाँ मार्गमा के खाऔला के पिऔला भन्ने फिर्कि हुदैन यो पुरानो जीवनको आदत हो । तर नयाँ मार्ग को जीवनमा परमेश्वर को राज्य र धार्मीक्ता को बारेमा फिर्की हुन्छ । नुहले परमेश्वरलाइ बोलाएनन् तर

परमेश्वरले नुहलाइ बोलाउनु भएको हो । त्यसै गरी हामीले परमेश्वरलाइ खोजेको र बोलाएको होइन परमेश्वरले हामीलाइ बोलाउनुभएको हो । शेत को समयमा धेरैले परमेश्वरलाइ पुकारा गरे तिनीहरु बाचेनन् । त्यसकारण हामीले परमेश्वरलाइ बोलाउने होइन परमेश्वरले हामीलाइ बोलाउनु पर्छ । जब परमेश्वरले बोलावट दिदा त्यो बोलावटलाइ मानेर यो संसारका सबै थोक छोडेर येशुमा आए पछि परमेश्वरले हाम्रो लागी ढोका खोल्नुहुन्छ र भित्र पसाएर ढोका बन्द गर्नुहुन्छ ।

एफिसी १:१३ [13]तिमीहरू पनि त्यस्तै हौ। तिमीहरूले आफ्नो मुक्तिको बारेमा साँचो शिक्षा-सुसमाचार सुनिहाल्यौ। सुसमाचार सुनेपछि तिमीहरूले ख्रीष्टमा विश्वास गर्यौ। अनि परमेश्वरले आफ्नो विशेष छाप तिमीहरूमा लगाउनु भयो र तिमीहरूलाई पवित्र आत्मा दिनुभयो जुन उहाँले प्रतिज्ञा गर्नुभएको थियो।

जब नुह जाहाज को भित्र आए पछि जाहाज को ढोका बन्द गरे पछि जाहाज को भित्र नुह को जीवन पुरै रुपमा अलग्गै हुन्छ । उनी पुरा रुपमा परमेश्वरमा बिश्वासमानै जीउछन् कारण जाहाज को भित्र अब नुहले आफ्नो जीवन आफ्नो तरीकाले जीउन सक्दैन किनकी अब उ केही गर्न सक्दैन उसको हातमा केहि छैन अब सबै परमेश्वर को हातमा हो । त्यसै गरी जब एक ब्यक्ति येशु मशिहमा आउछ उसको जीवनमा उसको केहि पनि कन्ट्रोल हुदैन सबै येशु मशिह को हातमा हुन्छ । जाहाज को बाहिर पुरा न्याय आउदैछ । त्यो न्याय जाहाज को माथि पनि आउदैछ । नुह जाहाज मा भएको कारण ले उ बाच्यो त्यस न्यायमा परमेश्वरले नुहलाइ बचाउनुभयो । त्यो न्याय २००० शाल देखि चल्दैछ । त्यो न्याय हामी येशुमा भएको कारण येशु को माथि आउछ हामी माथि आउदैन नत्र भने हामी पनि त्यो न्यायमा मर्ने थियौ । संसारको राजाको न्याय २००० शाल अगाडि भैसक्यो । राजाको न्याय हुनुको मतलब प्रजाको पनि भैसक्यो । संसारको न्याय भैसक्यो । अहिले न्याय चल्दैछ न्याय बाट बच्न को लागी सुसमाचार सुनेर येशुमा आउनु पर्छ । त्यस पछि त्यो न्याय येशु को माथि जान्छ । पहिलो शिक्षा जाहाज को भित्र आउनु हो । उत्तराधिकारी हुनको लागी जाहाज भित्र पसेर जाहाज बाट बाहिर निस्कनु पर्छ । नुह पनि जब जाहाज बाट बाहिर निस्के पछि नयाँ शृष्टिको उ उत्तराधिकारी भए । जाहाज बाट धेरै जानवरहरु बाहिर आए तर उनीहरु उत्तराधिकारी हुन सकेनन् । कुकुर पनि बाहिर आएर म राजा हु भनेर भन्न सक्दैन । धेरै जाहाज बाट बाहिर आए तर उत्तराधिकार एउटै नुह र उसको तिन वटा छोराहरु

युहन्ना १२:२२[23]येशूले तिनीहरूलाई भन्नुभयो, "मानिसको पुत्रलाई महिमा ग्रहण गर्ने बेला आइपुग्यो।
[24]म तिमीहरूलाई साँचो भन्दछु। गहुँको दाना भूइँमा झर्नु पर्छ अनि मर्छ। तब यो बढछ र धेरै बीऊहरू उब्जाउँछ। तर यो मरेन भने यो सधैं खालि एउटै बीऊ मात्र रहन्छ।

बीउले धेरै बीउहरु बनाउनको लागी पहिला त्यो बीउ भुइमा झर्नु पर्छ र माटोमा मिसिनु पर्छ र सबै भन्दा ठुलो कुरा त्यो बीउ मर्नु पर्छ । मर्‌यो भने त्यसले धेरै बीउहरु उब्जाउछ मरेन भने एउटै रहन्छ ।

[25]जसले आफ्नो प्राणको माया गर्दछ उसले प्राण गुमाउँदछ। तर जसले आफ्नो प्राणलाई घृणा गर्दछ यस संसारमा उसले अनन्त जीवन पाउँदछ।
[26]जसले मेरो सेवा गर्दछ उसले मलाई पछ्याउनु नै पर्छ। तब मात्र मेरा सेवक म जहाँ-जहाँ हुँदछु त्यतै मसंग हुँदछ। मेरो पिताले तिनीहरूलाई सम्मान दिनुहुनेछ जसले मेरो सेवा गर्छन्।

एउटा बिउ जब माटोमा झर्छ त्यस पछि तुरुन्त त्यो मर्दैन । त्यो बीउ मर्न समय लाग्छ । तब सम्म माटोको भित्र छुपाएर राखिन्छ । केहि समय सम्म त्यस माटो भित्र त्यस बीउ को मृत्यु को क्रिया हुन्छ । त्यसैगरी एउटा ब्यक्ति मण्डली को भित्र आउछ तर उ मर्दैन भने उसले फल फलाउन सक्दैन । मण्डली भित्र हामीले हाम्रो आफ्नो इच्छा कसरी मार्नै भन्ने शिक्षा दिइन्छ । मण्डली एक प्रकारले त्यो माटो भित्र को बिउको जीवन हो । मण्डली भित्र आफुलाइ मार्ने काम हुन्छ । एउटा बिश्वासी मण्डली भित्र मर्दैन र एक्लै बाचिरहन्छ भने उसले फल फलाउन सक्दैन । एउटा बिश्वासी मर्नु भनेको उसको आफ्नो इच्छालाइ मार्नु हो र परमेश्वरको इच्छा अनुसार जीउनु हो । बिश्वास सुनाइ बाट आउछ त्यसको अर्थ हुन्छ अर्को मान्छेले सुनाउनु पर्छ । अर्को मान्छेले सुनाउदैन भने हामी सुन्न सक्दैनौ । परमेश्वरले भन्नुभयो मेरो धार्मीक जन बिश्वासमा जीउछ भन्नुको अर्थ हो उ आफ्नो इच्छालाइ मार्छ उ परमेश्वरको इच्छामा जीउछ । त्यसकारणले एउटा बिश्वासी बिहानै उठ्दै उठ्दै आफ्नो इच्छालाइ मार्छ र उ प्रार्थनामा परमेश्वरलाइ उचाल्छ । येशुले पनि बिहानै बिहानै उज्यालो हुनु भन्दा पहिला नै उठेर परमेश्वर पितालाइ उचाल्छ त्यसको मतलब हो उहाँ बिहानै आफ्नो इच्छालाइ मार्नु हो । जब सम्म हामी मर्दैनौ गाडिदैनौ तब सम्म हाम्रो बौरी उठाइ हुदैन । येशु आफ्नै बाबा को इच्छामा मर्नु हुन्छ , गाडिनु हुन्छ र त्यस पछि तिन दिन पछि बौरी उठ्नुहुन्छ ।

युहन्ना १२:१०[20]तिनीहरूमा कोही मानिसहरू ग्रीकका पनि थिए। तिनीहरू कोही ती मानिसहरू थिए जो यरूशलेममा निस्तार चाडमा आएका थिए।
[21]ती ग्रीकका मानिसहरू फिलिपकहाँ गए। फिलिप गालीलमा बेत्सैदाबासी थिए। ग्रीक मानिसहरूले भने, "महोदय, हामी येशूलाई हेर्न चाहन्छौं।"
[22]फिलिप गएर येशूलाई भने। अनि फिलिप र अन्द्रियास गएर येशूलाई भने।
[23]येशूले तिनीहरूलाई भन्नुभयो, "मानिसको पुत्रलाई महिमा ग्रहण गर्ने बेला आइपुग्यो।

ग्रीकहरु आएर फिलिपलाइ भने हामी येशुलाइ हेर्न चाहन्छौ ।त्यसको उत्तर हामीले पायौ एउटा बीउ मर्नु पर्छ । जब सम्म हामी मर्दैनौ हामीले येशुलाइ देख्न सक्दैनौ । हामी आफ्नै जीवनमा फल लिएर आउन सक्छौ तर परमेश्वर को राज्यमा फल लिएर आउन सक्दैनौ । मान्छेले येशुलाइ भने हामीलाइ पनि पितालाइ देखाउनुहोस् भन्दा येशुले भन्नुभयो मलाइ देख्नेले पितालाइ पनि देख्न सक्छ । म र पिता एकै हौ । येशु यस संसारमा आफ्नै इच्छा को लागी मरेको ब्यक्ति हुनुहुन्छ र उहाँ मरेर बौरी उठ्नु भयो उहाँले यस संसारमा जे पनि गर्नुभयो पिता को इच्छामा गर्नुभयो । उहाँ जीएको होइन उहामा पिता जीउनुभयो । परमेश्वर को इच्छा थियो कि नुह १ शाल १० दिन को पछि नै जाहाज बाट बाहिर आउनु । एलिशालाइ सानैमा परमेश्वरले बोलाउनुभयो तर १८ शालको पछि मात्र उसलाइ चलाउनु भयो । एलिया को अन्तिम यात्रामा उसलाइ बोलाउनुभयो । त्यस पछि एलियाको आत्मा एलिशाको माथि आउछ । अगमबक्ताहरुका छोराहरुले हेरेर भने एलियाको आत्मा एलिशाको माथि आयो । र एलिशा अब देखी एलियाको जीवन जीउछ कारण एलिशा त्यो १८ शाल माटो भित्र थियो मर्दै थियो र एलिशाले आफुलाइ मार्‌यो र बौरी उठे पछि उसको जीवन उसले जिएन उसको जीवनमा एलिया जियो । यो हो असल सुसमाचार यो सुसमाचार हामीले नुह बाट पनि सुन्न र सिक्न सक्छौ । त्यसै गरी हनोक , हावेल , यि सबै जनको भित्र येशुको आत्मा थियो र येशु को आत्माले उनीहरु को

जीवनमा भएर काम गर्नुभयो । खास गरी हामीले नुह को बारेमा सिकेको होइन न त हावेल न हनोक कसैको बारेमा पनि सिकेको होइन हामीले यिनीहरु को जीवन बाट येशु को बारेमा सिकेका हौ । हामी यिनीहरुको बारेमा सिक्यौ भने खाली सिद्धान्तहरु सिक्छौ जसले हामीलाइ केहि पनि लाभ ल्याउदैन । येशुलाइ देख्न को लागी हामी संग तिन वटा कुराहरु हुन जरुरी छ सबै भन्दा पहिला हामी मर्नु पर्छ दोस्रोमा गाडिनु पर्छ तेस्रोमा परमेश्वरको अनुग्रहले बौरी उठ्नु पर्छ कारण मरेको ब्यक्ति श्वयम आफै उठ्न सक्दैन । बाइबलमा यहि एउटै सुसमाचार छ अर्को कुनै सुसमाचार छैन । यो येशु को सुसमाचार हो । येशु जस्तै उहाँको श्रीमती मण्डली पनि भुइमा गिर्छ माटोमा गाडिन्छ र उठ्छ । जब अन्तिम तुरहि बजाउदा खेरी उहाँको श्रीमती पनि उठ्छ उहाँ संग भेट गर्नको लागी तब सम्म संसारलाइ थाहाँ नै हुदैन उहाँ को श्रमिती को हो भनेर । खाली पिता , पुत्र र पबित्र आत्मालाइ थाहा छ । अरु कसैलाइ पनि थाहा छैन ।

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद यि सन्तहरु को जीवन बाट हामीले तपाइको बारेमा सिक्छौ कारण बिश्वास शुरु गर्ने र अन्त गर्ने तपाइ नै हुनुहुन्छ । हाम्रो आखाँ येशु को माथि राख्न सिकाउनुहोस् प्रभु । हामीलाइ सिकाउनुहोस् प्रभु तपाइको लागी आफु मर्नु र आफ्नो इच्छा आकान्छ्या सबै त्यो माटोमा गाड्नु र बाकि जी उठेको जीवन तपाइमा भएर जीउन । यसको लागी हामीलाइ सामर्थले भर्नुहोस् प्रभु यो सबै प्रार्थना येशु प्रभुको नामम आमेन ।*